September 2013

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

बर्ष-१ अंक-३



महागुरु काकुतारो कुबोज्यूले यस संसारमा महान् रेयूकाई शिक्षाको बिजारोपण गरी साधारण मानवले पनि सजिलो सँग बुद्धको शिक्षा अभ्यास गर्नसक्ने स्थिती निर्माण गरीदिनु भई हामीमा गुण लगाउनु भएको प्रति कृतज्ञता फर्काउन महागुरुज्यूको ७०औं पुण्यतिथि स्मरण समारोहमा मिचिविकीको पुण्यफल संचित गर्ने मौका पाएका सदस्यहरुको घर-घरमा सोकाईम्यो विराजमान गराई संगसंगै सूत्रपाठ चढाउने मौका पाई पुण्यफल संचित गरी १८ नोभेम्बर २०१३ का दिन खुशी र उत्साहको परिणाम लिई सहभागी बनौं ।

## यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूले प्रदान गर्नु भएको मार्गनिर्देशन



यूराशिया रेयूकाई यूराशिया महाद्वीपको बिभिन्न देशहरुमा फैलिएको छ । महाओन्सी कोतानीज्यूले भन्नु भएको शाक्यमुनि बुद्ध जीवित रहनु हुँदा त्यतिबेला चाँही बोधिसत्वहरु ८० हजार मात्र हुनुहुन्थ्यो । संस्कृती केन्द्रहरु प्रत्येक मिहाता शाखाको हलबाट हजारौं हजार, लाखौं लाख बोधिसत्वहरुको जन्म नगराईकन हुँदैन । चाहे उमेर भएको होस् चाहे उमेर गईसकेको किन नहोस् बोधिसत्वको कार्य त बोधिसत्वको कार्य नै हो । तसर्थ मिचिविकी गरी बोधिसत्व निर्माण गर्दै जानु पर्छ । मिचिविकी भनेको सोकाईम्यो विराजमान गरी आफ्नो पुर्खालाई स्वागत गरी स्मरण कार्य गर्ने मिचिविकी ओयाले मिचिविकी गरेको सदस्यको घरमा गई सँगसँगै सूत्रपाठ गर्ने । सम्बन्धित व्यक्तिले पुर्खालाई नबचाईकनहुँदैन भन्ने भावना जागि निलसूत्रपाठ गर्ने भन्नु नै मिचिविकी हुनजान्छ । त्यो नै पुर्खास्मरण गरेको स्वरुप हुनजान्छ । त्यसरी कार्यान्वयन गराएमा मिचिविकी गरेको हुनजान्छ । पुर्खास्मरण गरेको कार्य नै मिचिविकी हो । मिचिविकी प्रायश्चितको नजिकको बाटो हो । मिचिविकीले मिचिविकी गरेको व्यक्ति र गरीपाएको व्यक्ति दुबै व्यक्तिको पुण्यफल संचित हुन्छ । देशलाई बचाउने, राम्रो बनाउनको लागि गरिने कार्य मिचिविकी हो । मिचिविकी एक-एक परिवारलाई शान्तिमय बनाउँदै लैजाने प्रमुख कार्य हो । रेयूकाईको विश्वशान्ति एउटा-एउटा परिवार बाट शुरुहुन्छ । त्यो शुरु गर्ने कार्य मिचिविकी हो । आफ्नो पुर्खाहरुको नाम होम्यो पनि नभएको हुनु हुँदैन साथै पुर्खाहरुलाई आनन्दित पार्न नसक्ने हुनु हुदैन । आफ्नो घरको पुर्खा,अर्काको घरको पुर्खाहरु होईन । व्यक्तिले आफ्नो घरको पुर्खाहरुलाई स्मरण गर्ने कार्य गर्न सक्ने स्थिति निर्माण गर्नु नै मिचिविकी हो । १० जनाभन्दा बढी मिचिविकी गरिएको सदस्य जुन होजाशु हुन्छ, जुन होजाशु देखि नै गोहोञ्जोनलाई लक्ष्य गरी महायानाको नेनगान् गर्ने मौका पाउनु पर्छ । आफ्नो पुर्खाहरुलाई बचाउने त छँदै छ अर्काको पुर्खाहरुको नाम संकलन गरी होम्यो लेखेर भूतको अविची नरकमा रहेका पुर्खाहरुलाई वर्तमानको पुर्खाको रुपमा बोलाउनु पर्छ । भन्नुको मतलब आफ्नो घरको गोहोजामा होम्यो मार्फत् वर्तमानको पुर्खा बनाउने हो । ती पुर्खाहरु फेरी यो जन्ममा जन्मिनु पर्छ । यस्तो कार्य गर्ने मौका पाउन ती जुन होजाशुहरुले ५० जना भन्दा बढी मिचिविकी कार्यान्वयन गर्ने मौका पाउनु पर्छ । अनि लोकहितकारी बोधिसत्व बन्नको लागी आँखाले देख्न नसक्ने आत्मालाई आफ्नै हातद्वारा, आफ्नो कार्यद्वारा बचाउन पाउने मौका पाउन सक्छन् । ती नै होजाशु हुन, यसरी होजाशुको रुपमा हुर्काउनु पर्छ । होजाशुहरुले बल्ल आफ्नो घरमा भेला गर्न सक्छन् । कर्मसँग सम्बन्ध भएर सदस्यहरु सँगसँगै म्योईचिकाईका बच्चाहरु, युवाहरु, महिलाहरु, पुरुषहरु विभिन्न क्रियाकलापहरु विचार गर्ने र अबदेखि देशको बारेमा सबैजना भएर यसो गर्दा हुन्छ, यो कार्य गर्दा हुन्छ होला नि भनेर गर्ने मौका पाउनु पर्दछ ।

## रेयूकाई एईको मासुनागा आँखा अस्पताल परिचय



यूराशिया रेयूकाईका संस्थापक अध्यक्ष एवं अस्पतालका संरक्षक युशुन मासुनागाज्यूले २२ फेब्रुअरी २००७ का दिन काभ्रेपलान्चोक जिल्ला स्थित बनेपा नगरपालिका वडा नं. १ मा एक भव्य समारोह बीच आँखा अस्पतालको शिलान्यास गर्नु भई शुभारम्भ भएको अस्पतालले आफ्नो सेवा अभियानलाई उत्साहका साथ अगाडी बढाइरहेको छ ।

सञ्चालित अवधिमा अस्पतालले हाल सम्म अस्पतालमा १०१,९५५ र ग्रामीण क्षेत्रका विभिन्न भागमा शिविर आयोजना गरी ५८,७१२ जनालाई सेवा पुर्‍याई समाज प्रति कृतज्ञता फर्काउने अभियानलाई मौकाको रुपमा लिएको छ ।



यस अवधिमा हालको भवन सानो भई विरामीहरुप्रति माफियुक्त भईरहेको अवस्थालाई ध्यानमा राखी बनेपा नगरपालिका वडा नं. ११ स्थित वुडोलमा ३० अप्रिल २०१२ का दिन करिब ३ रोपनी क्षेत्रफलको जग्गामा अस्पतालका संरक्षक युशुन मासुनागाज्यूको बाहुलीबाट भौतिक संरचना विस्तार अन्तर्गत भवन शिलान्यास गर्नुभई हाल निर्माण कार्य भईरहेको छ । उक्त भवन निर्माण सम्पन्न भएपछि दैनिक ३ सय जना विरामीको उपचार सम्भव हुने अस्पतालले जनाएको छ । हाल अस्पतालले सिन्धुपाल्चोक जिल्लाको खाडीचौर स्थित सिन्धु सदावहार अस्पताल र सिन्धुली जिल्लाको झांगाझोली स्थित भरोसा सामुदायिक अस्पतालमा स्याटलाइट क्लिनिक सञ्चालन गर्दै पूर्वी क्षेत्रका वासिन्दालाई सर्वसुलभ सेवा प्रदान गर्दै आइरहेको छ ।



निर्माणाधिन नयाँ भवन

विभिन्न दातृ निकायको सहयोग तथा सद्भावना प्राप्त गरि अस्पतालले दिन प्रतिदिन आफ्नो क्रियाकलाप समुदाय समक्ष पुर्‍याउदै आएको छ । यस अभियानलाई वी.पी कोइराला लायन्स नेत्र अध्ययन केन्द्र महाराजगञ्ज काठमाडौको विशेष सहयोग प्राप्त हुँदै आएको छ । अस्पतालले निर्माणाधिन भवन १४ अगष्ट २०१४ मा सम्पन्न गरी थप सेवामुखी कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको छ ।

## मनिपुर संस्कृति केन्द्र शुभारम्भ





यूराशिया रेयूकाईका संस्थापक अध्यक्षज्यूले दिनुभएको मार्गनिर्देशन अनुसार "टाढाको नातेदार भन्दा नजिकको साथी सहयोगी हुन्छ" भनेर मिहाता शाखाबाट हातपुऱ्याउन नसकेका क्षेत्रको सदस्यहरुलाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन शिक्षाको भिटामिनलाई सदस्यहरु एवं लिडर्सहरुमा प्रवाह गर्ने मौका संस्कृतिकेन्द्रहरुबाट कार्यान्वयन भएको छ । यस कार्यलाई अझ प्रभावकारी बनाउन संस्थापक अध्यक्षज्यूको दयालाई ग्रहण गर्ने महान् मौका पाई भारत देशको ऐतिहासिक राज्य मनिपुरको ईम्फालमा २० जुलाई २०१३ का दिन ५२जना सदस्यहरुको सहभागितामा भारत संस्कृति केन्द्रका जिम्मेवारकर्ता शिबुचो श्री जीवन प्रधान बाट शुभारम्भ गर्नु भएको थियो । अब भारत देशमा भएका १० वटा संस्कृति केन्द्रहरुमा भएका सदस्यहरु संगसंगै अभ्यास गर्ने मौका पाई असंख्य बोधिसत्वहरु जन्माउदैं जानुपर्दछ भनेर संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन प्रवाह गर्नु भई उत्साह प्रदान गर्नु भएको थियो ।

**यूराशिया रेयूकाई समाजमा योगदान दिने धेरै भन्दा धेरै व्यक्ति निर्माण गर्ने समाजिक संस्था हो ।**

# मिलियन अभियानलाई कार्यान्वयन गरेको खुशीको अनुभव


सुश्री सविना आचार्य
होजाशु, टीकापुर,

सबैलाई नमस्कार ।

मिचिविकी ओया लक्ष्मी सुवेदीको दयाबाट रेयूकाई शिक्षा संग भेटभई होजाशुको रुपमा अभ्यास गर्ने मौका पाई रहेकी छु । महागुरुज्यूको पुण्यतिथि स्मरण समारोहमा पहिलो पटक सहभागी हुँदा सहभागी दर्ता प्रकृयादेखि लिएर म्यानर, अभिवादन गर्ने तरिका देखेर साँच्चै म प्रभावित भएँ । संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन आजको काम आजै गरौं भोलिलाई भोलिको अभ्यासले कुरिरहेको हुन्छ भन्ने मार्गनिर्देशन ग्रहण गर्ने मौका पाएँ । समय सबैलाई बराबर हुन्छ भन्ने कुरा र मुमाज्यूको सरसफाइ सम्बन्धी मार्गनिर्देशन ग्रहण गर्ने मौका पाएँ । आफू परिवर्तन भई घरपरिवार परिवर्तन भएको व्यक्तिगत अनुभव सुन्ने मौका पाएर साँच्चै म त ढिलो सदस्य बनेर गल्ती पो गरेको रहेछु । अभिभावक नभइदिएको भए साँच्चै मेरो अस्तित्व हुने थिएन भन्ने महसुस गरी सोकाइम्योको महान्तालाई बुझ्ने मौका पाए पछि पुर्खाहरुको आत्मा बचाउन सोकाइम्योलाई विराजमान गर्ने मौका पाई सँगसँगै एक हप्तासम्म सूत्रपाठ चढाउने तरिका सिकाइदिनु भएकोले निरन्तर साँझ बिहान गोहोजामा पानी फेरेर सूत्रपाठ चढाउने मौका पाईरहेको थिँए । यो कार्य देखेर एकजना छिमेकी बहिनीले यो पागल जस्तो के गरेको होला ? सधैं विहान बेलुका डिस्टर्व गरिरहन्छ भनेर खिल्ली उडाएको कुरा छिमेकीबाटै थाहा पाएपछि अब पहिलाको म जस्तै जोजोमेन भएको बैनीलाई सदस्य बनाएर उसको घरमा सोकाइम्यो स्थापना गराएरै छाड्छु भन्ने मनमनै अठोट लिएँ र उनलाई मुख्य हल टीकापुरमा भएको सदस्य अभ्यास कार्यक्रममा सहभागी गराएर पुर्खास्मरण, कर्मशुद्धिकरण र प्रायश्चित अभ्यास, मिचिविकीको महान्ताबारे बुझाउने मौका प्राप्त भयो । उनलाई सदस्य बनाउने मौका पाई शिबुचोज्यूको सहयोगबाट बैनीको घरमा पनि सोकाइम्यो विराजमान गराएर संगसंगै ७ दिन सम्म सूत्रपाठ चढाउने मौका पाएँ । यसरी खिल्ली उडाउने धेरै जनाको घरमा सोकाइम्यो विराजमान गराई बिहान बेलुका पुर्खास्मरण गर्ने लिडर्सहरु देख्दा साँच्चै मैले केही गर्न सकेछु, रेयूकाई शिक्षामा लागेर म त खुशी थिएँ नै म जस्तै धेरै व्यक्तिहरुलाई खुशी बनाउन सकेको कुरा महसुस भयो । मिचिविकीको महान्तालाई गहिरो रुपममा महसुस गरी ७० जना मिचिविकीको पुण्यफल संचित गरी गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाई १०० दिनको अभ्यासलाई इमान्दारीपूर्वक १०० दिनमा नै पूरा गरी लोकहितकारी बोधिसत्वको रुपमा सोकाइम्यो/होम्यो लेख्ने मान्यता पाएँ । त्यसपछि लोकहिकारी बोधिसत्वको जिम्मेवारी कर्तव्य पूरागर्न जुन शिबुचोको लक्ष्य लिएर कर्मको सम्बन्ध गाँसिएका सदस्यहरुको घर-घरमा हात खुट्टा शरीर प्रयोग गरि हिँडेर गई आफ्नै हातले सोकाईम्यो लेख्ने मैका पाई विराजमान गराएर संगसंगै सूत्रपाठ चढाउने मौकाको खुशीलाई ग्रहण गर्ने मौका पाउँदा संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन हिंड मिलियन तुरुन्त कार्यान्वयन भनेको वास्तवमा यहीं हो भन्ने कुरालाई महसुस गरी आँखाले नदेख्ने खुशी पाएको महसुस गरेकी छु । रेयूकाई समाजमा योगदान दिने व्यक्ति निर्माण गर्ने संस्था हो भन्ने संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन अनुरुप समाजतिर फर्केर स्वयंसेवाको भावना बोकी टोलटोलमा सरसफाइ कार्यक्रम, सिलाइकटाइ तालिम, पेन्टिङ तालिम संचालन गर्ने मौका पाइरहेकी छु । ममा आएको परिवर्तनलाई देखेर अभिभावकहरुले मेरो छोराछोरीलाई पनि सदस्य बनाइदिनुस् न नानी भन्नु भएको देख्दा साँच्चै यो रेयूकाई शिक्षा बझ्नेहरुका लागि श्रीखण्ड नै हो भनेर महसुस गरी धेरै भन्दा धेरै व्यक्तिको पुर्खाहरुलाई बचाउने मौका पाएकी छु । अन्तमा १८ नोभेम्बरका दिन महागुरु काकुतारो कुबोज्यूको ७० औं पुण्यतिथि स्मरण समारोहमा मिलियन अभियानलाई कार्यान्वयन गरी प्राप्त गरेको खुशी र उत्साहको परिणाम लिएर सहभागी हुने प्रतिज्ञा गर्दछु । धन्यवाद । नमस्कार ।

## भूकम्प सम्बन्धी अपनाउनु पर्ने सावधानी

भूकम्प शब्द आफैमा अर्थपूर्ण छ । भू- पृथ्वी , कम्प - हल्लिने क्रियाकलाप भन्ने बुझिन्छ । पृथ्वीको भित्री भागमा मानव एवं प्रकृती द्वारा तापकमको बृद्धि हुँदा एवं ज्वालामुखी विस्फोट हुने समयमा पृथ्वीको सतह दायां बायां वा तल माथि कम्पन हुने क्रियाकलाप हुन्छ । यो क्रियाकलापलाई नै भूकम्प भनिन्छ । यसबाट ठूलो धनजन तथा भौतिक संरचनाको क्षति भइ कहाली लाग्दो वातावरण श्रृजनाहुन सक्दछ यसबाट बच्नको लागि अपनाउनुपर्ने पूर्व तयारी एवं सावधानीबारेबिशेष ध्यान पुऱ्याउनु जरुरी छ ।

**भूकम्पका पूर्व संकेतहरु**

१ जमिनभित्र बस्ने जीवजन्तु बाहिर निस्कनु
२ जीव-जन्तुहरु एक्कासी कराउन थाल्नु
३ जमिनको भागहरु झर्नु , खस्नु , बग्नु
४ वातावरण एकाएक परिवर्तन हुनु



**भूकम्प आएमा के गर्ने**

१ नआत्तिइ शान्त एवं संयमित हुने ।
२ ढोकामा उभिने वा टेबुल , डेस्क , खाटमुनि छिर्ने ।
३ भत्कन सक्ने , खस्न सक्ने वस्तुको नजिक नवस्ने ।
४ भूइतल्लामा बसेकाहरु नआत्तिकन तुरुन्त बाहिर निस्कने र सुरक्षित स्थानमा बस्ने ।
५ भूकम्पको बेला भऱ्याङबाट नहिड्ने , झयालबाट हामफाल्ने काम नगर्ने ।
६ बिजुलीको लाइन , खोलाको किनारा , अग्ला अग्ला रुख तथा भवन नजिक नजाने ।
६ सवारी साधनमा हुनुहुन्छभने सडकबाट हटेर सुरक्षित स्थान तर्फ लाग्ने र रोक्ने ।
७ बच्चा, बृद्ध, गर्भवती र अशक्तहरुलाई प्राथमिकताका साथ मद्दत गर्ने ।

**भूकम्प तयारीका लागि के गर्नु पर्छ ?**

१ जनचेतनाको लागि परिवार र समुदायका व्यक्तिहरु आपसी छलफल गर्ने ।
२ घरमा प्राथमिक उपचार सामग्री राख्ने ।
३ कोठामा गह्रौं र अग्ला सरसामानहरु, फर्निचर नढल्ने र नखस्ने गरी बलियोसंग राख्ने ।
४ गह्रौं सामानहरु भूइतल्लामा राख्ने व्यवस्था गर्ने ।
५ नयाँ घर निर्माण गर्दा भूकम्पीय सुरक्षका उपायहरु अपनाउने ।
६ भूकम्प आयो भने के गर्ने , कसो गर्ने भनेर आफ्नो परिवारसंग पूर्व योजना बनाउने ।
७ टर्चलाइट र रेडियो (ब्याट्री समेत) तयारी अवस्थामा राख्ने ।
८ आपतकालिन अवस्थामा सम्पर्क गर्नुपर्ने निकाय वा व्यक्तिको अभिलेख राख्ने ।
९ गमलाहरु कौसीमा नराख्ने राख्नैपरे बलियो संग नखस्ने गरी राख्ने ।

## विभिन्न देश अनुरुप सम्पन्न क्रियाकलापहरु


व्युटिपार्लर तालिम, नारायणघाट


धुप बत्ती बनाउने तालिम (बर्दघाट)


तीज कार्यक्रम (बुटवल)


अंग्रेजी भाषा प्रशिक्षण (म्यानमार)


कृष्ण जन्माअष्टमी स्वयम् सेवा (पाटन)



स्वतन्त्रता दिवस कार्यक्रम, (सिलिगुडी, भारत)


चित्रकला प्रतियोगिता, (गुहाटी, भारत)


उदघोषण तालिम (भद्रपुर)